बढैयाताल गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मैनापोखर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७७/७८
च.नं.:

---

## रासायनिक मलखादको कारोबारको लागी सूचिकृत हुने सम्बन्धी सूचना !!!

(प्रथम पटक सूचना प्रकाशित मिती: २०७७/०७/१४ गते)

नेपाल सरकारद्धारा मिती २०७७/०५/०१ मा जारी अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम नेपाल सरकारबाट लागत सहभागिताका आधारमा उपलब्ध हुने रासायनिक मल कृषकहरुलाई तोकिएको मापदण्ड अनुसार विक्रि वितरण गर्ने कृषि सहकारी/कम्पनी/फर्म छनौट गरी कार्य क्षेत्र निर्धारण गर्नुपर्ने भएको हुँदा ईजाजत प्राप्त कृषि सहकारी/फर्म/कम्पनी तथा यस गाँउपालिका भित्र कार्यक्षेत्र भएका अनुदानित मलको कारोबार गर्न ईच्छुक कृषि सहकारी/फर्म/कम्पनीहरुलाई यो सूचना प्रकाशित भएको मितीले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजातका प्रतिलिपि सहित यस गाँउपालिको कृषि शाखामा कार्यालय समय भित्र आवेदन दिनुहुन सूचित गरिन्छ । तोकिएको म्याद समाप्त भएपछि प्राप्त भएका र तोकिएको रित पूरा नभएका आवेदन उपर कुनै पनि किसिमको कारवाही नहुने व्यहोरा समेत जानकारीकोलागि सूचितगरिन्छ।

**तपसिल:**

१. सहकारी संस्था/फर्म वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

३. PAN दर्ता तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. विगत २ वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

५. भौतिम पूर्वाधारहरु नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि आदिको विवरण ।

६. विगतमा कारोबार गरिरहेको सहकारी संस्थाहरु हकमा मलखाद कारोबार विवरण, अनुभव, कार्यदक्षता तथा कार्यक्षमताको विवरण ।

७. सहकारी संस्थाको संचालक समितीको निर्णय ।

८. सूचिकृत हुने निवेदन ।

अर्जुन सुवेदी
(प्रमुख प्रशासकीय अधिकृत)

---

Email: badhiyatal2073@gmail.com, Website: badhiyatalmun.gov.np